# कार्यक्रम माग तथा संचालनको लागि प्रस्ताव आहवान सम्बन्धि सूचना

सूचना नं.१३/०७९/८०

**दोश्रो पटक प्रकाशित मिति : २०८०।०१।२४**

आ.व. २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई कपिलवस्तुको प्रथम पटक प्रकाशित मिति २०७९/०५/०५ गते, सुचना नं. ०२/२०७९/०८०, क्र.स. ५ मा उल्लेख भए बमोजिम यस जोन/सुपरजोन कपिलवस्तुको कार्यक्षेत्रमा हरियो मलको वीउ वितरण कार्यक्रम संचालन गर्नुपर्ने र प्रथम पटक प्रकाशित सुचना अनुसार प्राप्त आवेदनहरु पर्याप्त तथा रीतपूर्वक नभएको कारण लक्ष्य अनुसार कार्यक्रम पूर्ण तथा प्रभावकारी रुपमा संचालन गर्न अपुग र कठिनाई सिर्जना भएको हुँदा यस परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु अन्तर्गत सूचिकृत भएका ईच्छुक कृषक समूह/कृषि सहकारी/वन तथा जल उपभोक्ता समिती/कृषि उद्यमी (फर्म) हरुले निम्न तपशिल बमोजिमको आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८०/०१/३० गते भित्र यस परियोजनामा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन माग दर्ता गराउनु हुन सबैमा जानकारी गराईन्छ ।

कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम बिवरण | लक्ष्य | अनुदान रकम बढीमा (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोन/सुपरजोन कपिलवस्तुको कार्यक्षेत्र | हरियो मलको वीउ वितरण कार्यक्रम | १ पटक | बढीमा ५० % | |

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु**

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाबाट प्राप्त आधारभूत जानकारी विवरण फर्मेट भरि पेश गर्ने ।
२. कार्यक्रम माग प्रस्ताव अनुमानित लागत इष्टिमेट ।
३. नागरीकताको प्रतिलिपि ।
४. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिपि ।
५. कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी (फर्म) को निर्णय प्रतिलिपि।
६. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी
७. लालपुर्जाको प्रतिलिपि
८. कृषक समुह/कृषि सहकारी संस्था/ कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
९. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
१०. सम्पूर्ण कागजात फाईलिङ गरि पेश गर्नु पर्नेछ।
११. सम्पर्क नंम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

सहसराम चौधरी (कुर्मी)
वरिष्ठ कृषि अधिकृत

विस्तृत जानकारीका लागि परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु , फोन नं. ०७६-५५०३४७ **E-mail: pmamp.piu.kapilvastu@gmail.com,**
website: www.kapilvastu.pmamp.gov.np